☎०७१-५७०२२२
९८५७०१५१०९

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रूपन्देही

प.सं. : २०७९।०८०
च नं : ६२२

मिति २०७९।०८।२९

विषय : सामुदायिक वनको कोष सञ्चालन बारे ।

श्री सवै सव डिभिजन वन कार्यालय, रुपन्देही ।

प्रस्तुत विषयमा वन तथा वातावरण मन्त्रालय (शासकीय सुधार शाखा) सिंहदरबार काठमाडौंको पत्र संख्या शा सु शा २०७९।०८० च नं ५५ मिति २०७९।०७।२५ गतेको पत्र तथा वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेशको पत्र संख्या २०७९।०८० च नं ४७१ मिति २०७९।०८।२९ गतेको पत्र यसै साथ संलग्न छ । सो पत्रबाट अवगत गरी वन नियमावाली २०७९ को नियम ४३(५) मा रहेको डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले सामुदायिक वन उपभोक्ता समुहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्ने व्यवस्थाको अनुरुप त्यहाँ अन्तरगतका सामुदायिक वन उपभोक्ता समुहहरुलाई स्विकृत विधान तथा वन कार्ययोजना कार्यान्वयन गर्ने क्रममा बार्षिक रुपमा प्राप्त गर्ने आम्दानी रकम पारदर्शी र विवाद रहित रुपमा परिचालन गरी आर्थिक अनुशासन कायम गर्न आवश्यक देखिएकोले सामुदायिक वनको कोष परिचालन गर्दा देहाय अनुसार अनिवार्य कार्यान्वयन गर्नु गराउनु हुन साथै आफनो कार्यक्षेत्र भित्र पर्ने सामुदायिक वन उपभोक्ता समुहलाई नियमित अनुगमन गरी प्राविधिक सहयोग पुर्याई श्रेस्त तथा अभिलेख व्यवस्थापन गर्न यसै पत्र मार्फत जानकारी गराई कार्यान्वयन गर्न गराउनु हुन अनुरोध छ ।

<u>तपसिल</u>

१. समुहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आय मध्येबाट वन ऐन २०७६ को दफा २२ (१) अनुसार कम्तीमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी वाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत सम्वन्धित स्थानिय तहसंग समन्वय गरी गरिबी न्यूनीकरण महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गरी वाकी रहेको रकमबाट उपभोक्ता समुहको हितमा खर्च गर्नु पर्ने स्पष्ट कानुनी व्यवस्था रहेकोले सोही बमोजिम चालु आर्थिक वर्ष २०७९।०८० देखीनै समुहबाट उक्त शिर्षकहरुमा बार्षिक कार्यक्रम तयार/संशोधन स्विकृत गरी अनिवार्य रुपमा कार्यान्वयन गर्नु गराउनु हुन ।
२. वन ऐन २०७६ ले तोकेको शिर्षकको सिमा भन्दा कम हुने गरी अन्य कुनै पनि शिर्षकमा समुहको कोष परिचालन नगर्नु नगराउनु हुनका सार्थ सामाजिक विकास तथा प्राशासनिक खर्च शिर्षकमा अत्यावश्यक वाहेक रकम नछुटयाउनु हुन ।
३. वन प्राविधिक र सम्वन्धित स्थानिय तहको परामर्श/सल्लाहमा बुदाँ नं १ बमोजिमको शिर्षक अनुसारका क्रियाकलाप प्रस्ताव गरी बजेट तर्जुमा गर्ने गरी अनिवार्य रुपमा वार्षिक कार्यक्रम तयार

प्रभात सापकोटा
डिभिजनल वन अधिकृत

☎०७१-५७०२२२
९८५७०१५१०९

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रूपन्देही

प.स. : २०७९।०८०
च नं :

गर्ने र समुहको साधारण सभा बाट स्विकृत गराई सोही अनुसार नियमानुसार कार्यक्रम सञ्चालन गर्न गराउन हुन र सो को अभिलेख समुहका अध्यक्ष र सचिवबाट प्रमाणीत गरी राख्नु हुन । स्विकृत बार्षिक कार्यक्रममा समावेश भएका क्रियाकलाप बाहेकका अन्य कुनै पनि योजना/क्रियाकलापमा समुहको कोष परिचालन नगर्नु नगराउनु हुन ।

४. समुहको आय व्ययको सम्पूर्ण हिसाव किताव बैकिङ्ग प्रणाली अनुसार मात्र गर्नु गराउनु हुन । समुहको नाममा एक भन्दा बढी बैंकमा खाता सञ्चालन नगर्नु नगराउनु हुनका साथै सहकारी तथा ऋण, बचतमा समुहको नाममा बैंक खाता सञ्चालन नगर्नु नगराउनु हुन । कार्यविधिले तोकेको भन्दा बढी नगद रकम कुनै पनि पदाधिकारी उपभोक्ता वा संघ संस्थालाई नदिनु हुन । समुहको आम्दानी संभव भए सम्म तत्काले बैंक दाखिला गरी भौचर र बैंक स्टेटमेन्ट सम्लग्न राख्नु हुन ।

५. समुहको हितको नाममा योजना सञ्चालन वा दायित्व फिर्ता गरी कुनै पनि पदाधिकारी/व्यक्ति/संस्था संग बाणिज्य बैंकहरुले लिने भन्दा अश्वभाविक बढी ब्याज दरमा नगदमै ऋण/सापट नलिनु हुन । साथै जुन आर्थिक बर्षमा कार्यक्रम सञ्चालन गरीएको हो सोही आर्थिक बर्षमा नै नियमानुसार भुक्तानी दिई अभिलेख प्रमाणीत गरी राख्नु हुन ।

६. स्पष्ट प्रमाण कागजात नभई समुहको लेखा परिक्षण प्रतिवेदनमा मात्र उल्लेख भएका ऋण/सापट/ब्याज वा दायित्व वापतको रकम भुक्तानी नदिनु हुन । प्रमाण कागजात उपलब्ध भए छानविन गरी यकीन भए पश्चात मात्र नियमानुसार भुक्तानी दिनु हुन ।

७. सामुहिक हितका लागि गठन भएको सामुदायिक वन उपभोक्ता समुहका कार्य समिति पदाधिकारीहरुले पारिश्रमिक तलव वा गुजारा निर्वाह भत्ताका नाममा समुहको कोष परिचालन गर्ने प्रवृती बढ्दै गएको महसुस भएकोले सो कार्यलाई न्युनीकरण गरी समुहको काममा खटिदाको आतेजाते भाडा, खाना-वस्न खर्चका लागि मात्र साधारण सभाबाट तोकी सोही अनुसार भुक्तानीको व्यवस्था मिलाउनु हुन ।

८. समुहको सम्पूण आर्थिक कारोवार सामुदायिक वन उपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका २०७३ ले तोके अनुसारको विधि र प्रक्रिया बमोजिम अनिवार्य कार्यान्वयन गर्नु गराउनु हुन । समुहको कोषबाट भुक्तानी हुने जुन सुकै शिर्षकको स्विकृत लागत अनुमान, प्राविधिक जाँचपास तथा कार्यसम्पन्न प्रतिवेदन नभई भुक्तानी नदिनु हुन । उल्लेखित कागजात बेगर भुक्तानी दिएको भए भुक्तानी दिने पदाधिकारी वा कर्मचारीबाट असुल उपर गरी समुहको कोषमा रकम आम्दानी बाध्नु हुन ।

९. समुहको कार्य समिति चयन गर्ने प्रक्रिया पछिल्लो समय राजनैतिक दल वा प्यानल छुटीने गरी प्रतिनिधी सभाको निर्वाचन जस्तै हुने गरी गर्ने र निर्वाचका लागि समुहको कोष परिचालन गर्ने प्रवृती सामुदायिक वन उपभोक्त समुहहरुमा बढ्दै गएको हुँदा सामुदायिक वन विकास मार्गदर्शन अनुसार सा व उ स को कार्यसमिति चयनमा कहीकतै निर्वाचनको परिकल्पना गरेको नपाईएकोले कार्य समिति

प्रभात सापकोटा
डिभिजनल वन अधिकृत



CamScanner

☎०७१-५७०२२२
९८५७०१५१०९

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रूपन्देही

प.स. : २०७९।०८०
च नं :

चयन प्रक्रियालाई आमसहमतीको आधारमा समावेशी समानुपातीक अवधारण निर्माण गर्नु हुन । निर्वाचन गर्नु पर्ने अवस्था आएमा आर्थिक मितव्ययिता हुने गरी निर्वाचन गर्नु हुन ।

१०. सामुदायिक वन समितिले लेखा परिक्षक नियुक्ती गर्दा नियमन निकायमा सुचिकृत लेखा परिक्षक मध्येबाट लिखितरुपमा पत्राचार गरी मात्र लेखा परिक्षण गर्नु हुन ।

११. लेखा परिक्षण गराउदा स्विकृत बार्षिक कार्यक्रम भित्र तोकिएका कार्यक्रम र बुँदा नं १ मा उल्लेख गरिएको शिर्षक देखिने गरी लेखा परिक्षण गर्नु गराउनु हुन । लेखा परिक्षण गराउँदा सामुदायिक वन उपभोक्ता समुह संग सम्वन्धीत निति नियम अनुसार गर्नु गराउनु हुन ।

१२. रु १ लाख भन्दा बढी मोल पर्ने मेशिनरी, औजार वा सवारी साधन खरिद गर्दा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनि खरीद नियमावली २०६४ बमोजिम गर्नु गराउनु हुन

१३. सामदायिक वन उपभोक्ता समूहको नाममा आन्तरिक राजश्व कार्यालयबाट अनिवार्य रुपमा स्थाई लेखा नम्वर लिई जानकारी दिनु हुन ।

१४. नियमानुसार संकलन भएका आन्तरीक खपत तर्फका वन पैदावर वितरण गर्दा अधिकारमुखी अवधारणामा नभई आवश्यकतामुखी अवधारणाको आधारमा उपभोक्तालाई विक्रि वितरणको व्यवस्था मिलाउनु हुन ।

१५. आन्तरीक प्रयोजन तर्फको काठ दाउराको विक्रि मुल्यको दररेट तोक्दा सकभर सरकारी मूल्य भन्दा कम नहुने गरी मुल्य तोक्नु हुन्न ।

१६. वन क्षेत्रको भु उपयोग परिवर्तुन हुने गरी सिमसार तथा पर्यापर्यटन विकासका नाममा कुनै पनि निकाय संस्था वा व्यक्ति संग सम्झौता गरी वन क्षेत्र भित्र योजना कार्यान्वयनको कार्य नगर्नु नगराउनु हुन ।

१७. सामुदायिक वन उपभोक्ता समुहको कोष परिचालन गर्दा वन संरक्षण सम्वर्द्धनका विकासका क्रियाकलापहरुमा जोड दिनु हुन । घाटगद्दी सुदृढिकरण, प्राकृतिक पुनरुत्पादन संरक्षण, बृक्षारोपण, वन्यजन्तुको बाँसस्थान सुधार, नर्सरी सञ्चालन, नदी खोला तटवन्ध, मानव वन्यजन्तु द्वन्द्ध न्यूनीकरण, वन अतिक्रमण नियन्त्रण वन डढेलो नियन्त्रण जस्ता कार्यमा बढी भन्दा बढी समुहको कोष परिचालन गर्नु गराउनु हुन ।

प्रभात सापकोटा
डिभिजनल वन अधिकृत
प्रभात सापकोटा
डिभिजनल वन अधिकृत

**बोधार्थ**

श्री वन तथा वातावरण मन्त्रालय (शासकीय सुधार शाखा) : जानकारीको लागि अनुरोध छ ।
श्री वन तथा वातावरण मन्त्रालय मुकाम : बुटवल, रुपन्देही : जानकारीको लागि अनुरोध छ ।



CamScanner

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

श्री

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

(शासकीय सुधार शाखा)

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :- शा. सु. शा. २०७९/८०

मिति: २०७९/०७/२५

चलानी नं. :- ५८

प्राप्त पत्र संख्या र मिति -

विषय: निर्णय कार्यान्वियन गर्ने गराउने सम्बन्धमा ।

श्री वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, प्रदेश नं. १, विराटनगर,
श्री उद्योग, पर्यटन तथा वन मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वागमती प्रदेश, हेटौंडा,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, बुटवल मुकाम,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी ।

दर्ता नं.: ४८८
दर्ता मिति: ०७९/७/२०

प्रस्तुत सन्दर्भमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल काठमाण्डौंको प.स.-५अनु/०७९/८०, चलानी नं. १९५२४, मिति २०७९।०७।१५ को पत्रानुसार जाजरकोट जिल्ला छेडागाड नगरपालिका वडा नं.१२ स्थित चामेपातल सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष भिम वहादुर रोकाय समेतका पदाधिकारीहरुले पालैपालो आफ्नो कार्यकालमा वनका कर्मचारीहरुसंगको मिलेमतोमा खोटो संकलन गरेको, वन समुहमा प्राप्त रकम विद्यालयहरुलाई उपलब्ध गराएको र लेखा परीक्षण नगराएको भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा आयोगबाट अनुसन्धान भई वन समितिका पदाधिकारीहरुले प्रचलित कानुनको पूर्ण परिपालना नगरेको ठहर गरी आयोगमा भएको निर्णयका सम्बन्धमा सबै डिभिजन वन कार्यालयहरुलाई निर्देशन एवं परिपत्र हुन यस मन्त्रालयमा लेखि आएको हुँदा सोहि बमोजिम हुन निर्णयानुसार अनुरोध छ।

निर्णय: "सामुदायिक वन उपभोक्ता समुहहरुको आर्थिक क्रियाकलापलाई व्यवस्थित पार्न सामुदायिक वन उपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ को अक्षरस परिपालना गर्न गराउन, उपभोक्ता समुहहरुको कोष व्यवस्थित गराउन वन ऐन, २०७६ को दफा २२(१) मा व्यवस्था भए अनुसार कार्य योजना बनाई खर्च गर्ने प्रवन्ध मिलाउन, वन नियमावली, २०७९ को नियम ४३(५) मा रहेको डिभिजन वन अधिकृत वा निजले खटाउको कर्मचारीले सामुदायिक वन उपभोक्ता समुहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्ने व्यवस्थाको कार्यान्वियन गर्न गराउन र सब डिभिजन वन कार्यालयहरुबाट प्रत्येक सामुदायिक वन उपभोक्ता समुहहरुको नियमित अनुगमन गर्ने र समुहलाई प्राविधिक सहयोग पुर्याई श्रेस्ता तथा अभिलेख व्यवस्थापन गर्ने गराउने कार्यलाई प्रभावकारी बनाउन सुझाव लेखि पठाउने"।

बोधार्थ:
श्री वन तथा भू- संरक्षण विभाग, बबरमहल, काठमाण्डौ ।

अमर बहादुर घर्ती
शाखा अधिकृत

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# वन तथा वातावरण मन्त्रालय

मुकामः बुटवल,रुपन्देही

(प्रशासन शाखा)

☎ ०७१-५३१५११

पत्र संख्याः-०७९/८०

च.नं.:-४७१

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मुकामः बुटवल, नेपाल

मितिः- २०७९।०८।२९

विषयः निर्णय कार्यान्वियन गर्ने गराउने सम्वन्धमा ।

श्री प्रदेश वन निर्देशनालय, सिद्धार्थनगर, भैरहवा ।

श्री डिभिजन वन कार्यालयहरू सबै, लुम्बिनी प्रदेश ।

प्रस्तुत विषयमा वन तथा वातावरण मन्त्रालय (शासकीय सुधार शाखा) सिंहदरवार, काठमाडौंको पत्र संख्या शा.सु.शा २०७९/८० च.नं. ५५ मिति २०७९/०७/२५ को पत्र यसैसाथ संलग्न छ । विस्तृत बेहोरा सोही पत्रवाट अवगत गर्नुभई तँहा र अन्तरगतका निकायहरुमा सोही वमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

(मदन वहादुर जि.सी.)

अधिकृत आठौं

२०७९।८।१